सहकारी संघ संस्थाहरूको प्रवर्द्धन विकास एवं बैंकिङ कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक
National Co-operative Bank Limited (NCBL)
राष्ट्रिय सहकारी बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट ... बैंकिङ कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

# राष्ट्रिय सहकारी बैंक लिमिटेड
## निर्वाचन उपसमिति

**अध्यक्ष पदको निर्वाचन परिणाम घोषणा**

२०८३ जेठ १४, विहीबार

राष्ट्रिय सहकारी बैंक लिमिटेडको मिति २०८३ जेठ १० मा निर्वाचनको परिणाम घोषणा पश्चात् मिति २०८३ जेठ १३ गते नव-निर्वाचित सञ्चालक एवम् लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको प्रमाणपत्र वितरण तथा शपथ ग्रहण कार्यक्रम सम्पन्न गरिएको थियो।

नव-निर्वाचित सञ्चालकहरूमध्ये जेष्ठ सञ्चालक सदस्यको अध्यक्षतामा मिति २०८३ जेठ १४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार बैंकको अध्यक्ष चयन गर्न मतदानको विधि तथा प्रक्रिया सहितको जिम्मेवारी निर्वाचन उप-समितिलाई प्राप्त भएको थियो।

बैंकको निर्वाचन कार्यविधि, २०७५ (संशोधनसहित) को दफा ९ बमोजिम आज मिति २०८३ जेठ १४ मा अध्यक्ष पदको निर्वाचनको लागि सञ्चालक समितिले तोकेको मतदानको विधि तथा प्रक्रिया अनुसार सञ्चालकद्वय श्री लक्ष्मी प्रसाद उप्रेती र परितोष पोड्यालको उम्मेदवारी परेको थियो ।

सात जना सञ्चालक सदस्यहरूबाट गोप्य मतदानका आधारमा भएको निर्वाचनमा बहुमत सदस्यहरूको मत प्राप्त गर्ने सञ्चालक **श्री लक्ष्मी प्रसाद उप्रेतीज्यू अध्यक्ष पदमा निर्वाचित** हुनु भएकोले विजय घोषणा गरी यो सूचना प्रकाशित गरिएको छ।

नवनिर्वाचित अध्यक्षज्यू लगायत सम्पूर्ण सञ्चालकज्यूहरू एवम् लेखा सुपरिवेक्षण समितिका पदाधिकारीज्यूहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

..........................

अधिवक्ता प्रवल शर्मा
संयोजक
निर्वाचन उपसमिति

राष्ट्रिय सहकारी बैंक लिमिटेड
२२ औं वार्षिक साधारणसभा
निर्वाचन उपसमिति
संयोजक